# धुलिखेल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### काभ्रेपलाञ्चोक, धुलिखेल

## सुरक्षा गार्ड सेवा करारमा लिने बारेको सुचना

प्रथम पटक प्रकाशित मिति: २०७४/०४/१९

यस धुलिखेल नगरपालिकाले आ.व. २०७४/०७५ को बाँकी अवधिको लागि कार्यालयको सुरक्षा व्यवस्था सम्बन्धी कार्य ईजाजतप्राप्त कम्पनीहरुसँग सेवा करारमा लिनुपर्ने भएको हुँदा इच्छुक दर्तावाला संस्था, फर्म तथा कम्पनीहरु द्वारा यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समयमा खरिद गरी १६ औं दिन १२.०० बजे भित्र दर्ता गरी रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपशिल</u>

- ईच्छुक फर्म/संस्थाले प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपी, संस्थाको मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता गरिएको प्रमाणपत्रको प्रतिलिपी आ.व. २०७२/०७३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा आफूले काम गरेको अनुभवपत्रहरु सहित नगद रु १०००।- (एकहजर मात्र) तिरी नगरपालिका कार्यालयबाट शिलबन्दी दरभाउपत्र फाराम तथा कार्यक्षेत्रगत शर्त (TOR) प्राप्त गर्न सकिनेछ।
- म्याद नाघी प्राप्त हुन आएको, शिलवन्दी नभएको, शर्त सहितको र रित नपुगेको दरभाउपत्रलाई मूल्याकनमा समावेश गरिने छैन
- फर्म/संस्थाले शिलवन्दी दरभाउपत्र साथ रु १०,०००/ (दस हजार) यस कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक,धुलिखेल शाखामा संचालनमा रहेको धरौटी खाता हिसाब नं. १०४०३०३००७१०२ मा जम्मा गरेको सक्कल भौचर संलग्न गरी पेश गर्नुपर्नेछ।
- नगरपालिका कार्यालयमा शिलबन्दी भै पेश हुन आएका दरभाउपत्रहरु सूचना प्रकाशन भएको मितिले १६ औ दिनको २:०० बजे र सो दिन बिदा परेमा कार्यालय खुलेको दिन फर्म/संस्थाहरुको आधिकारीक प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। तर प्रतिनिधी अनुपस्थित भएको अवस्थामा समेत बिलबन्दी दरभाउपत्र खोल्न वाधा पर्नेछैन।
- दरभापत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- यस सुचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

यस सम्बन्धी थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

कार्यकारी अधिकृत